निर्णय नं १:-

मालपोत कार्यालय लमजुङले यस नगरपालिकाको वडा नं ६, ७, ८, ९ (साविक सुन्दरबजार गा.वि.स र भोटेओडार गा.वि.स.हरु) हरुको जग्गा किनबेच नामसारी खड्डा पट्टा आदी कार्यगर्दा वडा कार्यालयको सिफारिस भएको अवस्थामा पनी नगरविकास समितिको सिफारिस आवश्यक पर्ने भनी नगरविकास समितिको सिफारिस माग गर्ने गरेको विषयमा छलफल भयो। त्यसरी नगरपालिका बाट सिफारिस भइसकेपछि नगर विकास समितिको सिफारिस माग गर्दा जनतालाई बढो असुविधा भएको दोहोरो कर तिर्नु परेको हुँदा नगरपालिकाको सिफारिस प्राप्त भएपछि सेवाग्राहीको कार्य सहज ढंगबाट सम्पादन गरिदिन मालपोत कार्यालय बेशीशहर लमजुङमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं २:-

यस सुन्दरबजार नगरपालिका क्षेत्रभित्रका काठका पोलहरु जिर्ण रहेकोले सो स्थानमा रहेका काठका पोल परिवर्तन गर्न अति आवश्यक देखिएकोले १५०० (पन्ध्र सय) थान बिजुलीका पोल माग गर्दै विद्युत प्राधिकरण शाखा कार्यालय बेशीशहर लमजुङमा अनुरोध गर्ने निर्णय गरियो।

[illegible]

निर्णय नं ३:-

यस नगरपालिकामा मौज्दात रहेका कम्पोष्ट बिन ७५ थान रहेकोमा सो कम्पोष्ट बिनहरु मध्ये प्रति वडा कार्यालयलाई ६ वटा का दरले (११×६=६६) र बाँकी रहेका ९ थान मध्ये बाट ५ थान लमजुङ कृषि क्याम्पस र ४ थान आदर्श मा.वि लाई नमुना प्रयोगको लागी वितरण गर्ने निर्णय गरियो।

निर्णय नं ४:-

सुन्दरबजार नगरपालिका, नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ को नियम ४ को उपनियम ५ बमोजिम कार्यपालिका सदस्यको कार्यको जिम्मेवारी बाँडफाँड तपसिल बमोजिम हुने। गर्ने निर्णय गरियो।

तपसिल

[illegible]

## सुन्दरवजार नगरपालिका, नगरकार्यपालिका ( कार्यविभाजन ) नियमावली, २०७४ को नियम ४ को उपनियम ५ वमोजिम कार्यपालिका सदस्यको कार्यको जिम्मेवारी वाडफाँड

| सि नं | विषय क्षेत्रको नाम | हेर्नु पर्ने शाखा, कार्यालय, उपशाखा र ईकाइहरुको कामहरु | कार्यपालिका सदस्यको नाम | कर्मचारीको नाम |
|---|---|---|---|---|
| १ | सामान्य प्रसासन | स्थानीय सेवा तथा जनशक्ति विकास | श्री रघुनाथ मिश्र | नासु श्री दिपेन्द्र पंण्डित |
| | | सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन | | नासु श्री दिपेन्द्र पंण्डित |
| | | स्थानीत तह प्रदेश र संघ संगको सम्वन्ध समन्वय | | नासु श्री दिपेन्द्र पंण्डित |
| | | वैठक व्यस्थापन | | नासु श्री दिपेन्द्र पंण्डित |
| | | वजार अनुगमन गुणस्तर नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हीत संरक्षण | | नासु श्री दिपेन्द्र पंण्डित |
| | | आन्तरिक लेखा परीक्षण | | आलेप सहायक श्री दिपेन्द्र पौडेल |
| २ | राजश्व तथा आर्थिक प्रशासन | राजश्व नीति तथा प्रशासन | श्री मोति प्रसाद गुरुङ्ग | ख. श्री युवराज सुवेदी |
| | | आर्थिक प्रशासन | | लेअ श्री प्रकाश थापा मगर |
| ३ | सडक तथा यातायात | सडक तथा यातायात | श्री जयराम रेग्मी | ई श्री जीवन थापा |
| ४ | जलविद्युत,उर्जा तथा सडक वत्ति | जलविद्युत,उर्जा तथा सडक वत्ति | श्री चन्द्रमा घिमिरे | ई श्री जीवन थापा |
| ५ | सिचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण | सिचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण | श्री प्रेम वहादुर दुरा | ई श्री जीवन थापा |
| ६ | सूचना तथा संचार र प्रविधि विकास | सूचना तथा संचार प्रविधि विकास तथा विस्तार र एफ एम संचालन | श्री अमृत न्यौपाने | सू प्र अधिकृत श्री अमृत आर्चाय |
| ७ | खानेपानी व्यवस्थापन | खानेपानी व्यवस्थापन उपशाखाका | श्री लक्ष्मी पोखरेल | ई श्री जीवन थापा |
| ८ | सार्वजनिक निजी साझेदारी (PPP) विकास | सार्वजनिक निजी साझेदारी ईकाईको | श्री राजेन्द्र दर्जि | ख श्री दिल वहादुर तामाङ्ग |
| ९ | कृषि पशुपक्षी तथा सहकारी विकास | कृषि पशुपक्षी तथा सहकारी कार्यालय | श्री सूर्य वहादुर दुरा | वा वि अ श्री रामचन्द्र सेढाई<br>प स्वा प्रा श्री सुभल चौधरी |
| १० | उद्योग तथा उद्यमशिलता विकास | उद्योग तथा उद्यमशिलता विकास | श्री वुद्धकुमारी स्वर्णकार | मुमका श्री निर्मला पौडेल |
| ११ | रोजगार प्रर्वधन तथा गरिवी न्यूनिकरण | रोजगार प्रर्वधन तथा गरिवी न्यूनिकरण | श्री ललित गुरुङ्ग | साप श्री मनहरि सोती |
| १२ | आधारभूत स्वास्थ्य तथा सरसफाई | आधारभूत स्वास्थ्य तथा सरसफाई | श्री जय वहादुर अधिकारी | सिअहेव श्री रामेश्वर सेढाई |

| | | | | |
|---|---|---|---|---|
| १३ | आधारभूत तथा माध्यामिक शिक्षा | आधारभूत तथा माध्यामिक शिक्षा | श्री कृष्णराज खनिया | RP श्री भरत व अधिकारी |
| १४ | सामाजिक सुरक्षा तथा विकास | लैङि०ग समानता तथा सामाजिक सुरक्षा | श्री शान्ता भूजेल | मुमका श्री निर्मला पौडेल |
| | | खेलकूद तथा अतिरिक्त कियाकलाप | | ख श्री दिल वहादुर तामाङ्ग |
| | | वालवालिका किशोर किशोरी तथा युवा युवती | | मुमका श्री निर्मला पौडेल |
| | | अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक | | मुमका श्री निर्मला पौडेल |
| | | संस्कृति सम्पदा ललितकला तथा पर्यटन प्रर्वधन | | ख. श्री हरि प्रसाद कुमाल |
| | | गैरसरकारी संस्था परिचालन समन्वय तथा नियमन | | साप श्री मनहरि सोती |
| | | सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता | | ना सु श्री हुमनाथ पौडेल |
| १५ | वन, वातावरण, फोहोरमैला र विपद व्यवस्थापन | वन वन्यजन्तु तथा भूसंरक्षण | श्री कृष्णकान्त अधिकारी | |
| | | वातावरण, पर्यावरण एवम् जलाधारक्षेत्र संरक्षण | | |
| | | फोहोरमैला व्यवस्थापन | | ख श्री दिल वहादुर तामाङ्ग |
| | | विपद व्यवस्थापन ( वारुणयन्त्र, एम्वुलेन्स तथा यन्त्रउपकरण परिचालन) | | आलेप सहायक श्री दिपेन्द्र पौडेल |
| १६ | भूमि व्यवस्थापन तथा भवन नियमन | भू उपयोग तथा वस्ती विकास | श्री जगत वहादुर खड्का | ई श्री जीवन थापा |
| | | जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पूर्जा | | अमिन श्री सुसन न्यौपाने |
| | | भवन तथा भवन संहीता कायम एवम् निर्माण ईजाजत (डिजाईन समेत) | | सई श्री नारायण जोशी |
| १७ | न्याय कानून तथा मानव अधिकार प्रर्वधन | नगरप्रहरी व्यवस्थापन | श्री सुरेश कुमार दुरा | सई श्री नारायण जोशी |
| | | न्याय कानून तथा मानव अधिकार प्रर्वधन | | नासु श्री दिपेन्द्र पंण्डित |
| | | विधायन सम्वन्धी | | नासु श्री दिपेन्द्र पंण्डित |
| १८ | योजना अनुगमन तथा तथ्यांक व्यवस्थापन | योजना तर्जुमा तथा उपभोक्ता समिति परिचालन | श्री भवानी के.सी | ख श्री दिल वहादुर तामाङ्ग |
| | | अनुगमन तथा मूल्यांकन | | ख श्री दिल वहादुर तामाङ्ग |
| | | तथ्यांक व्यवस्थापन | | सू प्र अधिकृत श्री अमृत आर्चाय |

DATE:

निर्णय नं ५:-

यस सुन्दरबजार नगरपालिका (साविक कुन्छा) का कार्यालय कुन्छाले उपभोग गरेको खानेपानीको रकम विगत आ.व.देखी नै भुक्तानी नगरी बाँकी रहेकोले भुक्तानी गरिपाउँ भनी भागु कुन्छा खानेपानी ~~भुक्तानी नगरी बाँकी~~ उपभोक्ता समितिको (विल) माग भएको हुँदा सो अनुसार रकम व्यवस्था तथा भुक्तानी गरिदिनुहुन वडा अध्यक्ष ज्युको सिफारीस आएको हुँदा विल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ६:-

यस सुन्दरबजार अस्पताल, कुन्छा स्वास्थ्य चौकी र चन्द्रेश्वर प्रा. स्वा. के मा संचालित प्रसुति सेवा (Birthing Center) को लागी करारमा अ.न.मी. भरनको लागी स्वास्थ्य शाखालाई विनियोजित गरिएको रु १० लाख मध्येबाट रु १४१०००।- (अक्षेरुपी एक लाख एकचालिस हजार) विनियोजित गरी पारीश्रमीक छुट्याइएकोमा ०७४ चैत्र देखी ०७५ असार सम्मको ४ महिनाको पारिश्रमीक नपुग हुने भएको हुँदा न.पा. को करार सेवा शुल्क (खर्च संकेत २२४१२) को विनियोजित बजेट बाट पारीश्रमीक उपलब्ध गराउने गरी करार नविकरण गर्ने निर्णय गरियो।

निर्णय नं ७:-

शिक्षा शाखा सुन्दरबजार नगरपालिकाले नगर स्तरीय आधारभुत परिक्षा को संचालन अनुगमन र व्यवस्थापनको लागी रकम अभाव भएको भनि रकम उपलब्ध गराई दिन माग गर्नु भएको प्रस्ताव बमोजिम रु १,२५०००।- (अक्षेरुपी एक लाख पच्चिस हजार मात्र) सम्म रकम खर्च संकेत नं २२५१२ बाट उपलब्ध गराउने निर्णय गरियो।

DATE:

निर्णय नं ८

आ.व. ०७४।०७५ मा आन्तरीक स्रोतको रकम मा विनियोजन गरिएको घरभाडा तर्फको रु ६६२०००।- (अक्षेरुपी छ लाख बैसठ्ठी हजार) को २५% रकम (१६५५००) रकम अन्य सामाजीक सहायता (ब.शि.नं. २६२१९) मा रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं ९

आठौ सुन्दरबजार महोत्सव आयोजक समिति सुन्दरबजार बाट "आठौ सुन्दरबजार महोत्सव" आयोजना गर्नका लागी आर्थिक सहयोगको माग भएको निवेदन प्रस्ताव आजको बैठकमा पेश भई छलफल भयो। आठौ सुन्दरबजार महोत्सव भव्य र सभ्य रुपमा सम्पन्न भईसकेको र उक्त महोत्सवले यस न.पा. को कृषी, उद्योग र पर्यटन विकास को प्रवर्द्धनमा सहयोग समेत पु-याएको हुदा न.पा. को अन्य सामाजिक सहायता (२६२१९) शिर्षक बाट रु २०००००।- (अक्षेरुपी दुई लाख मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १०

लमजुङ जिल्ला खेलकुद विकास समितिको प.सं ०७४।०७५ च.नं २८ मिति २०७४।१२।०४ को आर्थिक सहयोग सम्बन्धमा १० औं शब्दपति रनिङ शिल्ड अन्तर मा.वि. स्तरीय खेलकुद प्रतियोगिता संचालनको प्रस्तावउपर छलफल गरियो। छलफल पश्चात आ.व.०७४।०७५ को स्वीकृत बजेटको विविध कार्यक्रम खर्च (२२५२९) बाट रु १०००००।- (अक्षेरुपी एक लाख रुपैया) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ११

यस सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको स्वामित्वमा रहेको जीप संचालनलाई व्यवस्थीत र प्रभावकारी बनाउनको लागी आवश्यक मापदण्ड मस्यौदा गरी स्वीकृतिकाका लागी आगामी बैठकमा पेश

सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री शान्ता भुजेल, सामान्य प्रशासन विषयका प्रमुख श्री रघुनाथ मिश्र र राजस्व तथा आन्तरिक प्रशासन विषयका प्रमुख श्री मोति प्रसाद गुरुङ लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १२

सुन्दरबजार नगरपालिका वडा नं ८ पालिखुममा रहेको भारति सदन मा.वि को १० कोठे भवन निर्माण गर्नु यस नगर कार्यपालिका को बजेट श्रोत बाट संभव नभएकोले आवश्यक बजेट व्यवस्था र कार्यान्वयनका लागी जिल्ला शिक्षा कार्यालय लमजुङ मार्फत श्री राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौं मा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं १३

यस सुन्दरबजार नगरपालिका बाट जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने कार्यका लागी सो को निर्देशिकाको मस्यौदा तयार गरी आजको बैठक विधेयक समितिका संयोजक श्री सुरेश कुमार दुरा ज्यू बाट पेश भयो। सो मस्यौदा उपर छलफल गरी पेश भएको जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ पारित गर्ने निर्णय गरियो।

निर्णय नं १४

प्रथम नगर सभाले विनियोजन गरेको मर्मत संभार खर्च तर्फको बजेटबाट निम्न अनुसारको योजना तथा कार्यक्रममा निम्न अनुसारको रकम विनियोजन गरी उपलब्ध गराउने निर्णय गरियो।

निम्न

| सि.नं | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | सुन्दरबजार खानेपानी तथा सरसफाई उ.स. (ट्रान्सफर्मर खरिद तथा पम्प हाउस निर्माण) | रु ८०००००।- | मर्मत संभार |
| २. | सिखानी भागीरथी मञ्जपाङ कोइराला फार्म मोटर बाटो (थप रकम) | रु ५०००००।- | |
| ३. | वडा नं ५ रम्हरे खोलामा फलामको फड्के निर्माण गर्ने (नयाँ निर्माण) | रु १५०,०००।- | |

निर्णय नं १५:

यस नगरपालिका अन्तर्गत स्वास्थ्य चौकीहरु र स्वास्थ्य केन्द्र लाई आ. व. २०७४/७५ मा तलब भत्ता मंसिर महिना देखि अपुग भएको भएपनि मंसिर महिना सम्म तलब भत्ता वितरण भइसकेको तर सो भन्दा पछि वार्षिक बजेट सकिएको हुनाले तलब भत्ता निकासा गर्न नसकिएको र यस सम्बन्धमा थप बजेट निकासा को माग गरि केन्द्रमा अनुरोध पठाइएको हुँदा बजेट प्राप्त भएपछि सम्बन्धीत ~~मन्त्रालयमा~~ सोधभर्ना हुनेगरी हाललाई अन्य शिर्षकमा मौज्दात रहेको रकमबाट स्वास्थ्यका कर्मचारी हरुलाई तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो।

२०७६/०४/१४